पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स.:२०८३/०८४

स्थापना २०७३

मिति :२०८३/०८/०८

स.न. २

सूचना ! सूचना !! सूचना !!!
महिलाहरुका लागि पञ्चेबाजा तालिम सम्बन्धी जरुरी सूचना ।

प्रस्तुत विषयमा पञ्चकन्या गाउँपालिकाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेको महिला सशक्तीकरण र सीप विकास शीर्षकबाट यस गाउँपालिकाका बिबाहित महिलाहरुका लागि ***पञ्चेबाजा तालिम (१५ दिने)*** सञ्चालन गर्न लागिएको हुनाले तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक महिलाहरुले **१ साता भित्र** आ-आफ्नो वडा तथा गाउँपालिकामा सम्पर्क गर्नुहुन अनुरोध गर्दै सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

- तालिममा सहभागी हुन चाहने महिलाहरु अनिवार्य रुपमा **बिबाहित** हुनु पर्नेछ,
- उमेर २० वर्ष माथि र ४५ वर्ष भन्दा मुनि हुनु पर्नेछ,
- नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

नोट : जुन वडाका महिलाहरुको संख्या (**१६ जना**) पुग्नेछ त्यही वडामा तालिम सञ्चालन गरिनेछ । तालिममा सिक्नको लागि बाजाका सामानहरु गाउँपालिकाद्वारा नै उपलब्ध गराईनेछ ।

थप जानकारीका लागि सम्पर्क ९८४१५६००३४

कविता भट्ट
स.महिला विकास अधिकृत